क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः १०४, २०८२ असोज १० गते शुक्रबार (26 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

मुटुलाई माया गरौं ।
मुटुलाई स्वस्थ राख्नः
❖नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
❖नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
❖धूम्रपान र मद्यपान नगरौं,
❖ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
❖पर्याप्त मात्रामा सुतौं,
❖सक्रिय जिवनशैली अवलम्बन गरौं,
मुटुको नियमित परीक्षण गरौं !
नेपाल सरकार
विज्ञापन बोर्ड

# छ महिनादेखि परिवार नियोजनका अस्थायी साधनको अभाव

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ९ असोज**

सुदूरपश्चिम प्रदेशका स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका अस्थायी साधनहरूको अभाव भएको छ ।

स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका कतिपय अस्थायी साधनको मौज्दात सकिएपछि सेवाग्राहीले चाहेअनुसारका अस्थायी साधन प्रयोग गर्न पाएका छैनन् । करिब तीन महिनादेखि अस्थायी साधनको सहज उपलब्धता नहुँदा अनिच्छित गर्भधारण बढ्न सक्ने सम्भावना रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन् ।


कैलालीको चुरे गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख गजेन्द्र बिष्टले स्वास्थ्य संस्थाहरूमा आइयुसिडी (कपर्टी), इम्प्लान्ट र डिपो प्रोभेराको अभाव रहेको बताए । उनले डिपोको सट्टा साइनाप्रेस सिफारिस गर्नुपरेको बताए ।

परिवार नियोजनको अस्थायी साधन कपर्टी र डिपो नियमित रूपमा प्रयोग गरिरहेका र गर्न चाहने सेवाग्राहीलाई स्वास्थ्य संस्थाले त्यहाँ उपलब्ध रहेको अन्य साधन प्रयोग गर्न सल्लाह दिने गरेको बिष्टले बताए । 'आइयुसिडी, इम्प्लान्ट र डिपो प्रोभेरा हामीसँग छैन । साइनाप्रेस भने हामीसँग छ । सेवाग्राहीलाई विकल्पका रूपमा साइनाप्रेस कन्डम र पिल्स प्रयोग गर्न सल्लाह दिइरहेका छौं,' स्वास्थ्य शाखा प्रमुख बिष्टले भने ।

बैतडीको पुर्चौंडी नगरपालिका-१ हाट स्वास्थ्य चौकी प्रमुख दिपेन्द्र धामीले स्वास्थ्य संस्थामा परिवार नियोजनका साधनको अभाव रहेको बताए । उनले तीन/चार महिनादेखि अस्थायी साधनको अभाव भएको बताए । 'हामी कहाँ अस्थायी साधनको अभाव भएको छ ।

संघीय सरकारबाट आउने हो । कहिले आउँछ भन्ने थाहा छैन। कसैले कन्डम लिएर जान्छन् अन्य विकल्पहरुको अभाव नै छ ।' हाट स्वास्थ्य चौकीमा दैनिक ४/५ जना सेवाग्राही परिवार नियोजनका साधनका लागि आउने गरेको धामीले बताए । अहिले डिपोको ६ डोज मात्रै मौज्दात रहेको उनले जानकारी दिए ।

बझाङ स्वास्थ्य कार्यालयका प्रमुख लालबहादुर धामीले जिल्लाका स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका अस्थीय साधनको अभाव रहेको बताए । उनले स्वास्थ्य संस्थाहरूले तीन महिनादेखि डिपो प्रोभेरा, इम्प्लान्ट, आइयुसिडीको मौज्दात सकिएको गुनासो गर्न थालेको बताए । 'बझाङका स्थानिय तहमा रहेका स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनको अस्थायी सधानहरूको अभाव भएको चार महिना हुन थालेको छ,' उनले भने, 'परिवार नियोजनका साधान स्थानीय तह र प्रदेशले आफैं खरिद गर्न पाउँदैनन् संघबाट उपलब्ध नहुँदा समस्या भएको छ ।'



बैतडीको तल्लादेही स्वास्थ्य चौकीका इन्चार्ज देवराज जोशीले डिपो लगाउन आउने सेवाग्राहीलाई अहिलेलाई कन्डम र पिल्स प्रयोग गर्न सल्लाह दिने गरेको बताए ।

पालिकामा अस्थायी साधनको मौज्दात सकिएको पुर्चौंडी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख विनोद कुँवरले बताए ।

गोदावरी नगरपालिकाअन्तर्गतको मालाखेती अस्पतालमा डिपो प्रोभेरा सकिएको तीन महिना भयो । 'सेवाग्राहीलाई डिपोको विकल्पमा साइनाप्रेस लगाउन थालेको अस्पतालकी नर्सिङ निरीक्षक यशोदा ढकालले बताइन् ।

बैतडी जिल्लामा करिब ६ महिनादेखि पारिवार नियोजनको साधनहरूको अभाव रहेको स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ । स्वास्थ्य कार्यालय बैतडीका खोप सुपरभाइजर निरीक्षक हरिश भट्टले जिल्लामा कण्डम बाहेक अन्य साधनको अभाव रहेको बताए ।

स्वास्थ्य कार्यालय दार्चुलामा पनि परिवार नियोजनका अस्थायी साधनको अभाव भएको लामो समय भइसकेको छ । करिब चार महिनादेखि जिल्लाभरका स्वास्थ्य संस्थामा अस्थायी साधनकको अभाव रहेको स्वास्थ्य कार्यालय दार्चुलाका प्रमुख देवराज जोशीले बताए । यस्तै, स्वास्थ्य कार्यालय कैलालीले पनि डिपो प्रोभेरा, इम्प्लान्ट, साइनाप्रेस, आइयुडीलगायतका परिवार नियोजनका साधनको अभाव रहेको जनाएको छ । स्वास्थ्य कार्यालय कैलालीका प्रमुख रमेश कुँवरले परिवार नियोजनका साधनको तीन/चार महिनादेखि अभाव रहेको बताए ।

डिपो प्रोभेरा, इम्प्लान्ट, साइनाप्रेस, आयुसिडीलगायतका परिवार नियोजनका साधनको प्रदेशभरि अभाव रहेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीले जनाएको छ । संघ सरकारले उपलब्ध गराउने यी साधन आपूर्ति व्यवस्थापन केन्द्रले जिल्ला स्वास्थ्य कार्यालयहरू र जिल्ला स्वास्थ्यले पालिकामार्फत स्वास्थ्य संस्थाहरूमा आपूर्ति गर्छन् ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका सूचना अधिकारी एवं फार्मेसी निरीक्षक जयन्द्र बोगटीले केन्द्रमा इम्प्लान्ट, डिपो र साइनाप्रेसको मौज्दात सकिएको तीन महिना भएको बताए । उनले कन्डम, पिल्सलगायत साधनको सिमित आपूर्ति भए पनि त्यो चाहिनेजति नभएको बताए ।

'संघ सरकारबाट नै उपलब्ध नहुँदा केही महिनादेखि परिवार नियोजनका साधनको अभाव भएको हो,' उनले भने, 'सबै जिल्लामा उपलब्ध भएको परिवार नियोजनका साधन केही मात्रामा पठाइएको छ । तर माग आएजति पठाउन सकिएन। मौज्दात थोरै भएकाले पठाउन नसकिएको हो ।' बोगटीले जिल्लाहरूमा आकस्मिक माग मात्रै परिपूर्ति गर्न सकिएको नियमित माग बमोजिम आपूर्ति गर्न नसकिएको बताए ।

**बाँकी समाचार पृष्ट ४ मा...**

# रोक्का मात्र किन, पक्राउ गर्नुपर्ने पनि हुन सक्छ : गृहमन्त्री



**–पश्चिम नेपाल संवाददाता**
**काठमाडौं, ९ असोज**

गृहमन्त्री ओमप्रकाश अर्यालले पुराना दलका प्रमुख नेताहरुलाई पासपोर्ट रोक्कादेखि पक्राउसम्म हुन सक्ने संकेत गरेका छन् । बिहिबार मन्त्रीपरिषद वैठकपछि पत्रकारहरुसँग बोल्दै उनले कानून बमोजिम आवश्यक प्रक्रिया पुर्याएर अनुसन्धान गरिने बताए ।

गृहमन्त्रीलाई पत्रकारले सरकारले अब कसरी आन्दोलनका दोषिहरुमाथि कारवाही गर्छ भनेर सोधेका थिए ।

अर्यालले जवाफ दिए, 'राज्यका अनुसन्धान गर्ने निकाय सक्रिय भइएसक्या छन् । तत्तत कानूनमा लेखिएको छ के के गुर्नपर्छ भनेर । त्यहीबमोजिम हुन्छ । प्रधानमन्त्रीले भनिसक्नुभयो कि सुशासन र भ्रष्टाचारको विरुद्धमा सरकारले राम्रैसँग खुट्टा टेक्छ । खुट्टा टेकेन भने त जेनजीहरुले प्रश्न उठाइहाल्छन् नि ।'

उनले सरकारद्वार गठित आयोगले दिने सुझावका आधारमा कारवाही हुने प्रष्ट पारे ।


अर्यालले भने, 'आयोग गठन भएको छ । आयोगले निस्पक्षरुपमा काम गर्छ । तथ्य पत्ता लगाउँछ । के चिज देख्छ, त्यसको आधारमा अगाडि बढ्ने हो । अगाडि बढेपछि पछाडि फर्किनु पर्दैन । कतिपय विषयवस्तु अहिल्यै हुन सक्ला, कतिपय आयोगले तथ्य पत्ता लगाएपछि हुन सक्ला । मन्त्रीस्तरको प्राटोकल दिइएको छ आयोग पदाधिकारीलाई । न्यायाधीसले नेतृत्व गरेकाले यो न्यायिक आयोग पनि हो । त्यसले निस्पक्षतापूर्वक काम गर्छ र राय पनि दिन्छ ।'

तत्कालीन सरकारका प्रमुख पर्छन् ? भन्ने प्रश्नमा उनले जवाफ दिए, 'त्यो चाहिँ अब पर्छन् नि । कसकसको संलग्नता छ, आयोगले बताउँछ । पर्छन होला नि ।'

पत्रकारले सोधे, सरकारले नेताहरुको पासपोर्ट रोक्का गर्ने तयारी गरेको हो ?

'मेरो अहिले पुग्यो' भन्दै तर्किन खोजे पनि गृहमन्त्रीले यसबारे बोले ।

उनले भने, 'मैले अगाडि भनिसकेँ कानूनमा सबै कुरा छ । यहाँहरुले पनि हेर्नुहोला । अनुसन्धान गर्ने निकायले के-के रोक्का गर्नुपर्छ, गर्छ । त्यति मात्र किन ? पक्राउ पनि गर्नुपर्ने होला, बयान पनि ल्याउनुपर्ने होला । जे हुन्छ अनुसन्धान गर्ने निकायले गर्ने कुरा हो ।'




# सुदूरपश्चिमका मन्त्रालयहरूमा प्रदेश प्रमुखद्वारा निरीक्षण

**–पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, ९ असोज**

सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले जेनजी आन्दोलनका क्रममा तोडफोड तथा आगजनी भएका मुख्यमन्त्री कार्यालय, प्रदेशका मन्त्रालय , प्रदेश सभा र जिल्ला प्रशासन कार्यालयको अवलोकन निरीक्षण गरेका छन् ।

२४ भदौमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसहित प्रदेशका सबै मन्त्रालय र प्रदेश सभा क्षेत्रमा आगजनी, तोडफोड र लुटपाट गरिएको थियो ।

बिहीबार ती क्षेत्रको अवलोकन गर्दै प्रदेश प्रमुख मियाँले सेवा प्रवाहबारे चासो राखेका थिए ।

जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले प्रदेश प्रमुखलाई आगजनीबाट क्षतिग्रस्त भएका कार्यालयहरू र त्यसले सेवा प्रवाहमा भएका समस्याहरू बारे जानकारी गराएका थिए ।

उनले नागरिकता लगायतका महत्त्वपूर्ण कामहरू सुचारु भइसकेको भन्दै राहदानी लगायतका कामहरू पनि चाडै सुरु गर्ने बताए ।



सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा अर्थ मन्त्रालय , मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयहरूमा पनि मन्त्रालयका सचिव तथा कर्मचारीहरूले क्षतिको विवरण प्रस्तुत गरेका थिए ।

भौतिक पूर्वाधार र अर्थ मन्त्रालयमा कार्यालय सञ्चालन गर्नै नसकिने गरी क्षति भएको प्रदेश प्रमुखलाई ती मन्त्रालयका कर्मचारीहरूले जानकारी गराएका थिए । प्रदेश सभामा सभामुख भीम भण्डारीसँग समस्या समाधानका लागि भइरहेका प्रयासबारे संक्षिप्त छलफल भएको थियो ।

प्रदेश प्रमुख मियाँले आन्दोलनका क्रममा पनि आफ्नो कार्यालय जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नै राष्ट्र सेवक कर्मचारीहरूप्रति सम्मान व्यक्त गर्दै चाँडै सबै सेवा सुरु गर्नेगरि प्रबन्ध मिलाउनु पर्ने बताएका थिए ।

# फागुनको चुनावका मुख्य चुनौती के हुन्, कसरी हल गर्ने ?

-पश्चिम नेपाल संवाददाता
काठमाडौं, ९ असोज

जेनजी आन्दोलनको जगमा आम चुनावको मिति घोषणा भएसँगै चिया पसलदेखि सामाजिक सञ्जालसम्म सोधिने साझा प्रश्न हो- प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले २१ फागुनमा चुनाव गराउन सक्ला ?

मूल प्रश्नभित्र अनेकन उप-प्रश्न पनि छन् । निर्वाचनसम्बन्धी विधेयकहरू पारित नहुँदै संसद विघटन गरेर गर्न लागिएको चुनाव कुन कानुनमा टेकेर होला ? निर्वाचन आयोगले मस्यौदा तयार पारेर र सरकार र संसदलाई बुझाएका विधेयकलाई अध्यादेशका रूपमा जारी गरेर त्यसैअनुसार चुनाव गर्ने या पुरानै कानुनबाट ? अथवा, अन्तरिम सरकारले निर्वाचन आयोगभन्दा एक कदम अगाडि बढेर आफ्नै कानुन ल्याउने पो हो कि ?

राजनीतिक पाटोबाट हेर्दा पुराना राजनीतिक दलहरू थला परेको र जेनजीको भावना प्रतिनिधित्व गर्ने नयाँ दलहरू पनि गठन नभइसकेको अवस्था छ । यो स्थितिमा ६ महिनाभित्रै चुनाव कसरी सम्भव होला ?

दुई दिनअघि निर्वाचन आयोगका पदाधिकारीसँगको छलफलमा स्वयं प्रधानमन्त्री सुशीला कार्कीमा समेत ६ महिनाभित्र चुनाव सम्भव होला कि नहोला भन्ने संसय देखिएको समाचार आइरहेका छन् ।

तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरूले गर्नुपर्ने काम के-कस्ता छन् ? २१ फागुनमै चुनाव सफल बनाउन गरिनुपर्ने कानुनी सुधारहरू के-के हुन सक्छन् ? अनि, प्रवासी नेपालीलाई यो चुनावमा मताधिकार प्रदान गर्न कति सम्भव छ ? अनलाइनखबरले यो जिज्ञासा र जवाफ तयार पार्नुअघि केही विज्ञहरूसँग परामर्शसमेत गरेको थियो । त्यसैका आधारमा राजनीतिक ब्युरोले तयार पारेको यो सामग्री :

## चुनाव सार्ने कि फागुनमै सफल पार्ने ?

राजनीतिक दलले समय मागेर चुनावको समय टार्ने संसारमा कहीँ पनि छैन । सके लड्ने, नसके नलड्ने हो । त्यसैले चुनावको मिति तोकिएपछि दलहरू चुनावमा जानैपर्छ । पुराना दललाई तयारी गर्न समय चाहियो भन्ने स्थिति छैन ।

उनीहरूले छिटो आफ्नो तयारी गरेर अघि बढ्दा राम्रो हुन्छ । त्यस्तै नयाँ दलहरूले पनि चाँडो पार्टी बनाएर निर्वाचन आयोगमा दर्ता गर्नुपर्ने हुन्छ ।

नयाँ दल खोल्न र दर्ता गर्न संविधानको धारा २६९ अनुसार सबैलाई स्वतन्त्रता छ । तर आयोगमा दर्ता भएका दलहरूले पनि चुनाव प्रयोजनका लागि संविधानको धारा २७१ अनुसार पुनः दर्ता गराउनुपर्ने हुन्छ । सामान्यतः नयाँ दल दर्ताका लागि निर्वाचन आयोगलाई ४५ दिनसम्म समय लाग्ने गरेको छ ।

चुनावको मिति घोषणा भइसकेको हुनाले अब आयोगले दलहरूलाई धारा २७१ अनुसार दर्ताको आह्वान गर्दै सूचना जारी गर्नसक्छ । त्यसअघि नै नयाँ दल खोल्न चाहनेहरूले आयोगमा गई नयाँ पार्टी दर्ता गरिसक्नुपर्ने हुन्छ । त्यसर्थ, नयाँ दल खोल्न चाहनेहरूले अब चाँडै नै निर्वाचन आयोगमा गइसक्नुपर्ने देखिन्छ । ढिलो भयो भने नयाँ पार्टीहरू छुट्न सक्छन् ।

## चुनावको सफलताका लागि तत्कालै आवश्यक पर्ने दुई तत्व के हुन् ?

चुनावको वातावरण बनाउने जिम्मेवारी सरकार र राजनीतिक दलहरूको हो । चुनावमै अर्जुनदृष्टि लगाएर अन्तरिम सरकार बनेको हो । तर चुनाव सफल पार्ने दुईवटा पक्ष हुन्छन् । पहिलो- प्रशासनिक, प्राविधिक, बजेटरी एवं व्यवस्थापकीय तयारी । दोस्रो- संवैधानिक, कानुनी एवं राजनीतिक सहमतिको पक्ष । पहिलो तयारीको काम निर्वाचन आयोगले गर्छ । दोस्रो पाटोमा सरकारले काम गर्नुपर्छ ।

प्रशासनिक, बजेटरी, शान्ति सुरक्षालगायत अन्य व्यवस्थापकीय दृष्टिकोणबाट हेर्दा संसारभरिको अभ्यास के हो भने, चुनाव १२० दिनमा गर्न सकिन्छ । बेलायतमा दुई महिनामा चुनाव सम्पन्न भएको छ । जापानमा ४५ दिनमा सम्पन्न भएको छ ।

नेपालमै पनि ८० देखि ८५ दिनमा चुनाव सम्पन्न भएका उदाहरण छन् । त्यसैले, प्रशासनिक दृष्टिकोणबाट हेर्दा आगामी ६ महिनामा चुनाव सम्भव छ र गर्न सकिन्छ । यस्तोखाले चुनावको तयारी निर्वाचन आयोगले पहिले पनि गरेको छ । निर्वाचन आयोगले निर्वाचन गर्ने होइन, गराउन व्यवस्थापन गर्ने हो ।

संसारभरि चुनाव यस्तो घटना हो, जहाँ एकैदिन राज्यका सबै संयन्त्र फिल्डमा उत्रिन्छन् । त्यस अर्थमा चुनाव अत्यन्त बृहत अभियान हो । यसका निम्ति सबै शक्तिहरू चुनावमा आउने वातावरण बनाउनुपर्छ । अर्थात्, २१ फागुनमा १ करोड २० लाख मान्छे एकैदिन सडकमा उत्रिने वातावरण बनाइनुपर्छ । यसका लागि संविधान, आवश्यक पर्ने कानुन र राजनीतिक सहमति चाहिन्छ । किनभने, चुनाव राजनीतिसँग जोडिने विषय हो ।

## के चुनावका लागि राजनीतिक सहमतिको खाँचो पर्छ ?

अहिलेको राजनीतिक सन्दर्भलाई हेर्दा संविधान मिचिएको छ भन्ने यदाकदा सुनिन्छ । संविधान मिचिएको निष्कर्षसम्म पुग्ने हो भने चुनाव हुँदैन । त्यो अवस्थामा पहिले संविधान सच्चिन्छ, अनि मात्र चुनाव हुन्छ ।

बहुदलीय व्यवस्थामा दलहरूको सक्रिय सहभागिताविनाको चुनाव हुन सक्दैन । त्यसकारण संवैधानिक, कानुनी पक्षका साथै राजनीतिक सहमतिको बाटोमा जानैपर्छ । यसैमा शान्ति सुरक्षा पनि जोडिन्छ । अशान्त हुने भनेको दलहरूकै कारणले हो । सबै सहभागी भए भने शान्तिपूर्ण रूपमा चुनाव सफल हुन्छ ।

दलीय व्यवस्थामा दलहरू चुनावमा सक्रिय रूपमा सहभागी हुने वातावरण बन्नुपर्छ । राजनीतिक सहमति बेगर गरिएको चुनावले संविधान, कानुन र व्यवस्था खान्छ । जस्तै- बंगलादेशमा जुन चुनाव भयो, त्यसले विद्रोह निम्त्यायो । करिब ४०/४२ प्रतिशत मात्रै मत खस्यो । सिंगो विपक्षीले लगभग भाग लिएनन् । त्यसकारण बंगलादेशमा विद्रोह अवश्यंभावी छ भनेर पिउ इन्टरनेसनल, आइडिया इन्टरनेसनल आदिले रिपोर्ट निकालेका थिए ।

त्यसर्थ, राजनीतिक सहमतिको वातावरण बनाउने काम सरकारको हो । आयोगले त प्राविधिक पक्ष मात्रै हेर्ने हो । सरकारले छिट्टै राजनीतिक दलहरूलाई बोलाएर चुनावमा जाऔं भन्नुपर्‍यो । छलफलका लागि सरकारले पहिले दललाई बोलाउनुपर्छ, त्यसपछि आयोगले दलहरूलाई बोलाएर मतदाता नामावलीको अध्यादेश आयो, नामावली दर्ताका निम्ति तपाईंहरूले आह्वान गर्दिनुस् भन्न सक्छ । आचारसंहिता बनाउनुपर्‍यो भने आयोगले दलहरूसँग बसेर काम गर्नसक्छ । तर पहिले सरकारले दलहरूलाई बोलाइसकेपछि अनि आयोगले आफ्ना काम अगाडि बढाउँछ ।

## नयाँ परिस्थितिमा हुन गइरहेको चुनाव सफलताका लागि के-कस्ता कानुनी चुनौती हुन सक्छन् ?

चुनावका लागि कानुनी पक्षहरू अलि स्पष्ट भएनन् भन्ने सुनिन्छ । तर केही कानुनी पक्ष मिलाएर २१ फागुनमा चुनाव गर्न सकिने विज्ञहरूको धारणा सुनिँदै आएको छ ।

जस्तो- साविकको ऐनमा चुनावको मिति घोषणा भइसकेपछि मतदाता नामावलीमा नाम दर्ता गर्न पाइँदैन भन्ने व्यवस्था थियो । अब अध्यादेशले मिति तोकिसकेपछि पनि मतदाता नामावलीमा नाम दर्ता गर्न पाइने व्यवस्था गरेको छ । यसअनुसार निर्वाचन आयोगले तोकेको मितिसम्म १६ वर्ष उमेर पुगेको युवाले नाम दर्ता गर्न पाउँछ । त्यसपछि आयोगले तोकेको मितिसम्म १८ वर्ष पुगेको युवाले मात्रै मतदान गर्न पाउँछ । यसका लागि अब कम्तीमा ७५३ वटै स्थानीय तहमा गएर निर्वाचन आयोगले मतदाता नामावली संकलन गर्नुपर्ने हुन्छ ।

अन्य कानुनी जटिलताको चर्चा गर्दा प्रतिनिधिसभा विघटन भयो, अब अर्को प्रतिनिधिसभाको गठन हुन्छ, यत्ति मात्रै उद्देश्य हो भने कुरै सकियो । तर भ्रष्टाचार निर्मुल गर्नका निम्ति प्रतिनिधिसभा विघटन गर्नै पर्दैनथ्यो । प्रतिनिधिसभा विघटन भएपछि मात्रै भ्रष्टाचार नियन्त्रण हुन्छ र सुशासन हुन्छ भन्ने व्याख्या पनि नगरौं । तर जेनजी आन्दोलनको विषय एक थान चुनाव मात्रै होइन ।

प्रदेशसभाको विषयमा के गर्ने भन्ने पनि हामीले सुनेका छौं । प्रत्यक्ष कार्यकारी निर्वाचित राष्ट्र प्रमुख हुने कि नहुने भन्ने प्रश्न पनि सुनेका छौं । त्यसकारण, अहिलेको सरकार र राजनीतिक दलहरूले बुझ्नुपर्ने कुरा चुनावसँगै संविधान संशोधन गर्दै जेनजीको माग सम्बोधनको मार्गप्रशस्त गर्ने पनि हो । तर पुराना राजनीतिक दलहरू अझै नेतृत्व फेर्न इच्छुक देखिँदैनन् । उनीहरू पुरानै तरिकाले जान खोजिरहेका छन् ।

तर, विद्यमान कानुनमा सामान्य संशोधन गर्‍यो भने पनि केही सुधारहरू गर्न सकिन्छ । उदाहरणका लागि- विगतमा निर्वाचन आयोगले पेस गरेको विधेयक जुन थियो, त्यसलाई अध्यादेशका रूपमा ल्याइदिए पनि ५० प्रतिशत समस्या हल हुन्छ । यसलाई ९० पुर्‍याउने हो भने दुईवटा बुँदा थपौं । एउटा- उम्मेदवार हुने योग्यतामा 'प्रतिनिधिसभाको सदस्य हुन ६५ वर्ष ननाघेको' भनेर ल्याइदिउँ । दोस्रो- समानुपातिकमा दुईपल्ट भन्दा बढी आउन पाइँदैन भन्ने विधेयकमा लेखिएकै छ । एकतिहाइ महिलालाई प्रत्यक्षतर्फ अनिवार्य उम्मेदवार बनाउनुपर्छ भन्ने पनि विधेयकमा छ । त्यही दफालाई टेकेर उम्मेदवारीमध्ये ५० प्रतिशत युवा अनिवार्य हुनुपर्ने छ भनेर राखौं । यसरी ऐन कानुनबाटै ठूलो सुधार गर्न सकिन्छ । तर यसमा राजनीतिक सहमति कायम हुनुपर्छ । यसो गरियो भने जेष्ठ नागरिक नेताहरूलाई वृद्धाश्रममा बस्ने गरी कानुन ल्याउन मज्जाले सकिन्छ । अध्यादेश ल्याउने हिम्मत गर्नुपर्‍यो र त्यसमा ६५ वर्ष उमेर पुगेको नागरिक उम्मेदवार हुन सक्दैन भन्नुपर्‍यो ।

राजनीतिक दलसम्बन्धी ऐनमा पनि प्रस्तावित विधेयकले व्यापक परिवर्तन गरेको छ । त्यसमा दल दर्तादेखि लिएर राष्ट्रिय दल हुनेसम्मका प्रावधान छन् । त्यसैगरी दलले टिकट दिँदा प्राइमरीको कुरा उठेको छ । स्टेट फन्डिङ अर्थात् राज्यले नै आर्थिक सहायता उपलब्ध गराउने विषय पनि विधेयकमा आएको छ । स्टेट फन्डिङ चाहिन्छ भन्ने व्यक्ति नै अर्थमन्त्री बनेर आएका छन् । अर्को, प्रतिनिधिसभा चुनावका लागि दुईवटा बाकस (प्रत्यक्ष र समानुपातिक) नराख्न पनि सकिन्छ । पार्टीले प्रत्यक्षतर्फ जति मत पाउँछ, त्यसैलाई समानुपातिक भोट मान्ने हो भने यसले चुनाव खर्च व्यापक घटाउँछ ।

यसरी छलफल गरेर तीनवटा कानुन फेर्न सकिन्छ । ती विधेयकहरू जस्ताको तस्तै ल्याइदिने हो भने ७० प्रतिशत समस्या हल हुन्छ र चुनाव धेरै राम्रो हुन्छ । तीनवटा कानुन भनेको राजनीतिक दलसम्बन्धी ऐन, प्रतिनिधिसभा निर्वाचन ऐन र मतदाता नामावलीसम्बन्धी ऐन हुन् । यति तीनवटा कानुनमा थोरै संशोधन गरेर जान सकिन्छ । स्टेट फन्डिङमा पनि जानैपर्छ, यहीँबाट अभ्यास सुरु गरौं ।

## चुनावको ब्यालेट बक्ससँगै जनमत संग्रहको बाकस पनि सँगै राख्ने कि ?

नयाँ प्रतिनिधिसभा बन्नुपर्‍यो, त्यसपछि जेनजीका जे-जे एजेन्डा छन्, त्यसमा जानुपर्‍यो । तर कसैले प्रत्यक्ष कार्यकारी नभई चुनाव गर्न दिन्नँ भन्छ भने बरु त्यसमा पनि एउटा बाकस राखेर मत संकलन गरौं ।

अबको शासकीय प्रणाली कस्तो हुने ? प्रत्यक्ष निर्वाचित हुने कि नहुने ? प्रदेशको हैसियत के हुने ? यी प्रश्नहरूमा अर्को एउटा बाकस राखौं । प्रत्यक्ष कार्यकारी हुन्छ कि हुँदैन ? प्रदेश चाहिन्छ कि चाहिँदैन ? यसमा समेत २१ फागुनमै मतदान गराऔं । अर्थात्, जनमत संग्रह पनि सँगै गरौं । यसो गर्ने हो भने अहिले उठेका मुद्दाहरूलाई पनि यही चुनावबाट हल गरेर जान सकिन्छ ।

अहिले नै दलहरू यसका लागि तयार बन्न वा नबन्न पनि सक्छन् । तर देशमा लामो समयदेखि उठिरहेका कतिपय विवादित मुद्दाहरूको निरुपण यसै चुनावका बेला गर्ने पो हो कि ? यसरी विवाद सुल्झाउने उपाय यो पनि हुनसक्छ भन्नेतर्फ साझा ध्यान जान सक्छ ।

## विदेशमा रहेका नेपालीको मताधिकार मागलाई कसरी समाधान गर्ने ?

संसारका ११५ वटा देशमा यस्तो मताधिकारको व्यवस्था छ । तर हरेक देशमा फरक-फरक मोडल छन् । विदेशमा बस्ने नेपालीलाई पनि मतदानको अधिकार दिन सकिन्छ । यो आवश्यक पनि छ ।

तर, यसका लागि निर्वाचन आयोगलाई कम्तीमा दुई वर्ष समय चाहिने आयोगका पूर्वपदाधिकारीहरूको तर्क छ । दुई वर्षको तयारी नभई यसमा जान नसकिने उनीहरूको दाबी रहँदै आएको छ । विगतमा यसबारे ७/८ वटा विषयहरू उठेका थिए । एउटा त कानुन बनाउनुपर्‍यो ।

दोस्रो- चुनाव गर्ने तरिका पनि फेर्नुपर्‍यो । अहिले मान्छे आफैं उपस्थित भएर मतपत्रमा छाप लगाई बाकसमा हाल्ने प्रणाली छ । यसलाई हुलाक वा इन्टरनेटबाट मतदान गर्ने व्यवस्था गर्नुपर्‍यो । यो प्रणाली एक-दुई महिनामा फेरिन्छ कि फेरिँदैन ? यसमा अध्ययनको खाँचो देखिन्छ । यसको मेकानिजम बनाउन सकिन्छ तर समय लाग्ने विज्ञहरू बताउँछन् ।

तीन महिनाभित्र हामी विदेशमा रहेका नेपालीलाई मतदाता नामावलीमा राख्न सक्छौं कि सक्दैनौं ? दुईतिरै नागरिकता लिने व्यक्तिहरू कसरी छुट्याउने ? किनभने, एनआरएनले विदेशको नागरिकता लिनेबित्तिकै नेपालको मतदाता सूचीबाट नाम हटाउनुपर्ने हुन्छ । यो कसरी थाहा पाउने ? यी प्रश्नहरू चुनौतीपूर्ण छन् ।

खाडी देशमा श्रम गर्न गएका नेपालीले मतदान गर्न पाउनैपर्छ । तर कतारजस्तो चुनावै नहुने देशले चार लाख नेपालीलाई लाइन लागेर भोट हाल्न दिन्छ कि दिँदैन ? उनीहरूले आफ्नो देशको कानुनअनुसार त्यो नदिन सक्छन् ।

इन्टरनेट वा हुलाक भोटिङमा जाँदा यो समस्या हल हुनसक्छ । तर हुलाक र इन्टरनेटमा मतदानको गोपनीयताको ग्यारेन्टी कसरी गर्ने ? हामी यस्तो देशमा छौं, जहाँ अघिल्लो रात कुनै पार्टीले सबैको मतदाता परिचयपत्र खोस्छ ।

अर्को, प्रवासी नेपालीलाई मतदानको अधिकार दिँदा कुन-कुन देशबाट दिने ? कि संसारभरिका सबै देशमा दिने ? यी कुरामा स्पष्ट हुनुपर्ने छ । विदेशमा मतदान केन्द्रको सुरक्षा कसले गर्छ ? यो पनि हेर्नुपर्ने हुन्छ ।

अमेरिकाले विदेशमा बस्ने आफ्ना नागरिकलाई मताधिकार दिएको छ । किन ? एक त उसको प्रत्येक वर्ष मतदाता नामावली अपडेट हुन्छ । हाम्रोमा त्यसरी अपडेट हुने प्रणाली छैन । अमेरिकीहरू भन्छन्- हाम्रा मतदाताले विदेशबाट हालेको मतले देशभित्रको मतलाई केही पनि असर गर्दैन ।

त्यो मतको केही मतलबै छैन । कतिपय मत देशमा आइनै पुग्दैन । आइपुग्यो भने पनि त्यसले असर नै गर्दैन । किनभने, दुई-तीन लाख मतान्तर हुने राष्ट्रपतिको चुनावमा दुई-चार हजार भोटको असर नै छैन ।

अर्को कुरा, अमेरिकीहरू अरू देशमा काम गर्न गए पनि नेपालीले जसरी त्यो देशको नागरिकता लिँदैनन्, अमेरिकी नागरिक नै रहन्छन् । तर दक्षिण एसियाको विशेषता फरक छ । यो युरोप वा अमेरिकाको जस्तो होइन । जापानको जस्तो पनि होइन । त्यसो भएको हुनाले हामीले यसमा अलिकति गहन अध्ययन गरेर जानुपर्छ ।

यसर्थ, २१ फागुनको चुनावमा प्रवासीलाई मताधिकार दिनका लागि अध्ययन गरेर अगाडि जानुपर्छ । यसमा जान सकिन्छ कि सकिँदैन भनेर तत्कालै छिनोफानो गरिनुपर्छ । २१ फागुनमा चुनाव नभए के होला ? हामी झनै ठूलो संकटमा पो पर्छौं कि ? अहिले जसरी भए पनि चुनाव गर्ने वातावरण बनाउनुपर्छ ।

## स्वदेशमै छैन मताधिकार, कसरी व्यवस्थापन गर्ने ?

विदेशमा बस्ने जस्तै नेपालमै पनि चुनाव क्षेत्र बाहिर बसेका मतदाताले भोट हाल्न पाउनुपर्‍यो । विदेशमा बस्ने नेपालीको चिन्ता गर्ने तर देशभित्रै भएका मतदाताको बेवास्ता गर्ने कार्य सही होइन । २०७९ को प्रतिनिधिसभा चुनावमा करिब ५ लाख मतदातालाई आफू भएको ठाउँबाट सामानुपातिकमा भोट हाल्न दियौं । कर्मचारी र सेनालाई दियौं तर अरूले त्यो अवसर पाएनन् ।

तर, २०७९ को चुनावमा मतदान केन्द्रसम्म पुग्न नसक्ने १३ लाख नेपालीले नेपालभित्रै बसेर पनि भोट हालेनन् । नयाँ प्रस्तावित विधेयकमा यो पनि प्रावधान राखिएको छ । जसमा देशभित्रै अन्य चुनाव क्षेत्रमा बसेका नागरिकले समानुपातिकतर्फ मतदान गर्न पाउने भनिएको छ । सरकारी कर्मचारी र सुरक्षाकर्मीका साथै निजी उद्योग प्रतिष्ठानहरूमा कार्यरत श्रमिकलाई पनि आफू कार्यरत रहेको पायक पर्ने ठाउँबाटै मतदान गर्न दिने विधेयकमा प्रावधान छ । त्यसैलाई अध्यादेशमार्फत कार्यान्वयन गर्न सकिन्छ ।

## चुनाव खर्चको प्रश्न हल गर्ने विधि छन् ?

चुनाव सामग्री त्यत्रो ठूलो इस्यू होइन । पहिले प्रदेशको चुनाव पनि सँगै हुने भएकाले चारवटा बाकस राख्नुपर्थ्यो, अहिले प्रतिनिधिसभाको मात्रै चुनाव हुने भएकाले दुईवटा बाकस राख्दा हुन्छ । बाकस किन्नै परेन । मतपत्र हामीकहाँ छापिइहाल्छ । कागज यहीँ भइहाल्छ । जनशक्ति पनि छ । बजेटकै कुरा गर्दा २०७९ को चुनावमा ५ अर्ब ८२ करोड खर्च लाग्यो । त्यतिबेला प्रतिनिधिसभा र प्रदेशसभा दुईवटै चुनाव भएको थियो । अहिले एउटा मात्रै भएको हुनाले करिब ५ अर्ब रुपैयाँले चुनाव हुनसक्छ ।

हुन त सरकारले जलेको सिंहदरबार मर्मतका लागि कोष खडा गरेर आम जनतासँग चन्दा माग्न थालेको छ । तथापि, ५ अर्ब बजेट जुटाएर चुनाव सम्पन्न गर्न नसकिने होइन ।

## आयोगमा पदाधिकारी थप्न जरुरी छ ?

अहिले निर्वाचन आयोगमा प्रमुख आयुक्तसहित दुई पदाधिकारी रिक्त छन् । कार्यवाहक प्रमुख आयुक्त र दुईजना पदाधिकारी मात्र छन् । तर हाम्रो कानुनअनुसार निर्वाचन आयोगमा एकजना मान्छे भयो भने पनि सबै निर्णय गर्नसक्छ । त्यसर्थ, आयोगका पदाधिकारी पूर्तितिर लागेर लफडा झिक्नुभन्दा भएकै जनशक्तिबाट चुनाव गर्नु उपयुक्त हुन्छ । अहिले हामी त्यहाँ छिर्‍यौं भने फेरि अर्को संवैधानिक जटिलता आउन सक्छ ।

## भ्रष्टाचार छानबिन र चुनाव सागसागै जाला ?

२३ र २४ भदौको घटनामाथि छानबिन गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा जाँचबुझ आयोग बनेको छ । नेताहरूमाथि भ्रष्टाचारको अभियोगमा कारबाही चल्ने चर्चा पनि छ । भ्रष्टाचार छानबिनका लागि छुट्टै आयोग बनाउने भन्ने पनि सुनिँदैछ ।

यसैलाई लक्षित गर्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बिहीबार पार्टी केन्द्रीय समिति बैठकमा भ्रष्टाचार मुद्दा चलाएर राजनीतिक दलका शीर्ष नेतामाथि कारबाहीको चलखेल हुनसक्ने आशंकासमेत गरेका छन् । अरू नेताहरूलाई पनि यस्तो आशंका हुनसक्छ ।

छानबिन आयोगले काम थाल्ने र नेताहरूलाई बयान लिन या थुन्न थाल्यो भने त्यसबाट राजनीतिक सहमति बिथोलिएर चुनावको वातावरण भाँडिदैन ? जस्तो- केपी ओली, प्रचण्ड, शेरबहादुर देउवालाई आयोगले बयान लिन थाल्यो भने के होला ? यी प्रश्नहरूमाथि ध्यान दिँदा कुनै पनि व्यक्ति थुनामा रहेको अवस्थामा उम्मेदवारी दिन पाउँदैन भन्ने ऐनमा व्यवस्था छ । उम्मेदवारी दिनुभन्दा तीन दिन अगाडि थुनामा हाल्दियो भने के हुन्छ ? यो प्रश्न भने निरुत्तरित छ ।





# हार्दिक बधाई

मिति २०८२ भाद्र २१ गते निर्माण व्यवसायी कञ्चनपुरको १५ औं जिल्ला अधिवेशनबाट अध्यक्षमा **श्री पुष्पराज अवस्थी ज्यू** लगायतका सम्पूर्ण पदाधिकारी र सदस्यज्यूहरूलाई बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



**पुष्पराज अवस्थी**
**अध्यक्ष**



**देव बहादुर चन्द**
**बरिष्ठ उपाध्यक्ष**



**यज्ञराज बैज**
**उपाध्यक्ष**



**देवी दत्त भट्ट**
**महासचिव**



**वृज किशोर चन्द**
**सचिव**



**तेज बहादुर चन्द**
**कोषाध्यक्ष**



**हेम बहादुर**
**महरा**



u0f{z ;'jbL
;b:o



dx]z hf]zL
;b:o



lbks sfsL{-lblkg_
;b:o



gljg rGb
;b:o



;Gtf]f v qL
;b:o



dlg/fh /]ldL
;b:o



rGbl;x sfsL{
;b:o

## शुरेस खड्का/ अध्यक्ष तथा

### नमस्ते शुक्लाफाँटा यातायात प्रा.लि. परिवार, महेन्द्रनगर, कंचनपुर

# नेताका घरमा जलेका नोटबारे छानबिन सुरुः प्रधानमन्त्री



**–पश्चिम नेपाल संवाददाता**
**काठमाडौं, ९ असोज**

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा नेताहरूका घरमा ठूलो मात्रामा भेटिएका नोटबारे छानबिन सुरु भएको जानकारी दिएकी छन् ।

बिहीबार राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले यस्तो बताएकी हुन् । 'प्रदर्शनका क्रममा व्यक्तिका निजी घर तोडफोड र आगजनी हुँदा अस्वाभाविक रूपमा देखिएका नगद रकमका सन्दर्भमा सरकारका सम्बद्ध निकायले छानबिनको कारबाही सुरु गरिसकेको छ,' उनले भनिन् ।

जेनजी आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, तत्कालीन ऊर्जामन्त्री दीपक खड्कालगायतको घरमा जलेका नोटहरू भेटिएका दृश्य सामाजिक सञ्जालमा देखिएका थिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ती नोटहरू संकलन गरी अनुसन्धान सुरु गरेको हो ।

# छ महिनादेखि परिवार नियोजन...

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीले भदौमा ९ जिल्लामा ७० हजार पाँच सय गोटा पिल्स, ६ सय इम्प्लान्ट, ८ सय डिपो, ६ सय आइयुसिडी र १२ हजार डोज साइनाप्रेस वितरण भएको जनाएको छ । केन्द्रका अनुसार साइनाप्रेस कैलाली, कञ्चनपुर र अछाम जिल्लामा मात्र लागू भएको छ ।

महिलाले प्रयोग गर्ने डिपो र साइनाप्रेस तीन महिनाको अन्तरमा लगाउनुपर्छ भने आइयुसिडी, इम्प्लान्ट बहुवर्षीय अस्थायी साधन हुन् । पिल्स दिनहुँ खानेचक्की हो ।

स्वास्थ्य कार्यालय बझाङका प्रमुख लालबहादुर धामीले परिवार नियोजनका साधनमा सहज पहुँच नहुँदा चाहनाभन्दा बढी सन्तान जन्मिने, जनसंख्या वृद्धि हुने, गर्भपतनको जोखिम बढ्ने र जन्मान्तर प्रभावित हुने बताए । छिटो-छिटो सन्तान जन्माउँदा महिलाहरूको स्वास्थ्यमा प्रतिकूल असर देखापर्ने जोखिम बढ्ने उनले बताए ।

सरकारी स्वास्थ्य संस्थामा निःशुल्क पाइने परिवार नियोजनका साधनमध्ये कतिपय निजी अस्पताल र मेडिकलमा किन्न पाइदैनन् ।

आपूर्ति केन्द्रका अनुसार इम्प्लान्ट, आइयुडीलगायत केही साधन निजी क्लिनिकमा किन्न पाइँदैन । संघीय सरकारले आपूर्ति गर्ने साधन र औषधी प्रदेश र स्थानीय तहले खरिद गर्न नपाउने नियम छ ।




EMERGENCY 24 HOUR SERVICE

# आनन्द हस्पिटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

आनंद अस्पताल एवंम रिसर्च सेंटर
ANAND HOSPITAL & RESEARCH CENTRE

चौबिसै घण्टा इमरजेन्सी सुविधा



**डा. भावेश**
M.B.B.S.,M.D.(Medicine) Physician
Fellowship in Echocardiology
Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन)
**हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ**
***मुटु रोगको सम्पूर्ण सफल उपचार***
**उपचार हुने रोग वा समस्याहरू** : सुगर, ब्लड प्रेसर, थकाइ लाग्नु, शरिर फुस्रो हुनु, धेरै चिसो लाग्नु, कपाल झर्नु, महिनाबारी गडबडी हुनु, थाइराइड, मुर्छा पर्नु, नसा झमझमाउनु, शरिर पहेलो हुनु, कब्जीयत, पेट सफा नहुनु, पेट पोल्नु, खुनेको उल्टी हुनु, कालो दिसा हुनु, भोक र निद्रा नलाग्नु, चिडचिडापन हुनु बेहोसा हुनु, धेरै कुरा सोचिरहनु शास फुल्नु, मुटुको धडकन् बढ्नु चक्कर आउनु, धेरै तिर्खा लाग्नु मुटुरोग सम्बन्धी सम्पूर्ण रोगको उपचार र कुनै पनि विषालु सर्प र किराले टोकेको उपचार
***प्रत्येक दिन***

**डा. योगेश नागेंदर**
MBBS, MD,DM (Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(एंजियोप्लास्टी, एंजियोग्राफी र पेजमेकर बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म)

**डा. जेम्स मारक**
MBBS, MD,
रेडियोलोजिष्ट RML
**अल्ट्रासाउण्ड सम्बन्धि बिरामीहरूका लागि**
***प्रत्येक दिन***

**डा. कुलदिप सिंह खडायत**
MBBS, DNS (Surgery) (जनरल सर्जन)
**शरीरमा आउने गाठागुठीको उपचार**
**उपचार हुने रोग वा समस्याहरू** : पित्तथैलीको कार्लप्लाडरको पत्थरी, बच्चादानीको जाँच, हर्निया, एपेन्डिस, पाइल्स, भगन्दर, बाबासीर, हाइड्रोसिल, स्तनमा आएको गाठागुठीको सफल उपचार शरीरमा आउने अन्य गाठागुठीको सफल उपचार एवं अप्रेसन सुविधा र उपचारको व्यवस्था भएको ।
***प्रत्येक दिन***

**डा. हिना(स्त्री तथा प्रसुती रोग बिशेषज्ञ)**
महिलाको पाठेघर लगायत महिला सम्बन्धी सम्पुर्ण रोगको उपचार
***प्रत्येक दिन***

**नवजात शिशु एवं बालरोग सम्बन्धी उपचार**
**उपचार हुने समस्याहरू** :
नवजात शिशु, बालरोग सेवा, दम रोग, पोलियो, जन्मजात अपाङ्गता, पेचिस टिभी, टाउकोको दुखाई बेबी केयर, कुपोषण, डायरिया, पिलिया, बच्चाको खोप
**डाक्टर भेटिने समयः**
***प्रत्येक दिन***

***सुविधाहरूः*** *I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपैप, सी.पेप, भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि ।*

**डा. गणेश बी. एल.**
M.Ch (Neurosurgery)DELHI AIIMS
(वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो तीन बिहीबार दिउँसो २ बजेदेखि ४ बजे सम्म )
**आइन्टो, बेसफुलर, ब्रेन एवं स्पाइन रोग विशेषज्ञ**
***मस्तिष्क सम्बन्धि सम्पूर्ण उपचार हुने***

***लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रुपैया पनि स्वीकार गरिन्छ ।***

*आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।*

**सम्पर्क स्थानः आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
**सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५**

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७